आज मिति २०७६।१०।०५ गतेका दिन बाणगङ्गा नगरकार्यपालिकाको बैठक बाणङ्गा नगरपालिकाका नगर प्रमुख श्री मंगल प्रसाद थारुज्यूको अध्यक्षतामा बसि निम्नानुसारको प्रस्तावहरुमाथी छलफल गरि निर्णय गर्न निम्नानुसारका पदाधिकारीहरुको उपस्थिति रहेको छ ।

| क्र.सं. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १. | मंगल प्रसाद थारु | नगर प्रमुख | |
| २. | चक्रपाणी अर्याल | उप नगर प्रमुख | |
| ३. | बाल कुमारी पन्त | वडाध्यक्ष | |
| ४. | विष्णु प्रसाद पौडेल | वडाध्यक्ष | |
| ५. | सन्तराम रौतार थारु | वडाध्यक्ष | |
| ६. | गणेश बहादुर क्षेत्री | वडाध्यक्ष | |
| ७. | भिष्मराज भुसाल | वडाध्यक्ष | |
| ८. | सुकदेव थारु | वडाध्यक्ष | |
| ९. | विष्णू गिरी | वडाध्यक्ष | |
| १०. | गुणानीधि भुसाल | वडाध्यक्ष | |
| ११. | धुव्र बेल्बासे | वडाध्यक्ष | |
| १२. | राम बिहारी चौधरी | वडाध्यक्ष | |
| १३. | सोमनाथ अर्याल | वडाध्यक्ष | |
| १४. | टिका कूमारी अधिकारी | सदस्य | |
| १५. | सरिता देवी ढकाल | सदस्य | |
| १६. | योगनाथ सुनार | सदस्य | |
| १७. | कृष्ण बहादुर वि.क. | सदस्य | |
| १८. | गिता भुसाल | सदस्य | |
| १९. | केशरा गुरुङ | सदस्य | |
| २०. | सावित्रा थारु | सदस्य | |
| २१. | पूर्णकला सुनार | सदस्य | |
| २२. | बाबुराम भट्टराई | सदस्य सचिव | |

Scanned by CamScanner

बाणगंगा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

५ नं. प्रदेश, कपिलवस्तु नेपाल

मिति: २०७६।१०।०५

**कार्यपालिका बैठकका प्रस्तावहरु-**

१. आधारभूत स्वास्थ्य केन्द्र संचालन सम्बन्धमा।

२. बाणगंगा खोला नदीजन्य पदार्थको बोलपत्र सम्बन्धमा।

३. आ.व.०७५।७६ को म.ले.प. प्रतिवेदन सम्बन्धमा।

४. विद्यालय भौतिक संरचना निर्माणको लागि प्राप्त बजेट ब्रेकडाउन सम्बन्धमा

५. कपिलवस्तु जिल्लाको नक्सा सम्बन्धमा

६. विविध

**निर्णयहरु**

**निर्णय नं. १.**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको पत्र संख्याः १(यो) २०७६।७७, चलानि नं.२०, मितिः२०७६।०८।०८ को पत्रानुसार स्वास्थ्य संस्था नभएका वडाहरुमा आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण तथा संचालन गर्न सबै स्थानीय तहहरुलाई पत्राचार भए अनुसार यस बाणगंगा नगरपालिका अन्तर्गत वडा नं.१,३,६, र ७ वडाहरु स्वस्थ्य मन्त्रालयको आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण तथा सेवा संचालन सम्बन्धी कार्यविधि,२०७५ (प्रथम संसोधन, २०७६) अनुसार Type-2 मापदण्ड भित्र पर्ने र सो को निर्माण तथा संचालनको लागि रु.७४,४०,०००।- बजेट समेत प्राप्त भएकोले सो मध्ये रु २०,००,०००।– (बीस लाख) रकमबाट तलब, घरभाडा, ईक्वीपमेन्ट, फर्निचर खरिद लगाएतको व्यवस्थापनको शुरुवात गर्ने, कार्यविधिको दफा (५) को ४ बमोजिम २ जना हे.अ./अ.हे.व. (करार सेवाको लागि) दरखास्त आव्हान गरि छनौट गर्ने, ४ जना कार्यालय सहयोगीको व्यवस्थापन गर्ने र अन्य कर्मचारीहरु नगरपालिका अन्तर्गत मौजुदा रहेका कर्मचारीहरुबाट व्यवस्थापन लगायतका कार्य यही माघ मसान्त सम्म सम्पन्न गरी फागुनको पहिलो हप्ताभित्र आधारभूत स्वास्थ्य केन्द्रको उद्घाटन गर्ने निर्णय गरियो।

**निर्णय नं. २.**

बाणगंगा खोला नदीजन्य पदार्थको बोलपत्रका सम्बन्धमा अर्को बैठकमा छलफल गर्ने निर्णय गरियो।

**निर्णय नं. ३.**

यस नगरपालिकाको आ.व.०७५।७६ का सम्पादन भएका लेखासंग सम्बन्धीत सम्पूर्ण क्रियाकलापहरुको बार्षिक लेखा परीक्षण सम्पन्न भएको र महालेखा परीक्षकको कार्यालयबाट यस बाणगंगा नगरपालिकाको लागि उपलब्ध गराईएको प्रारम्भिक प्रतिवेदनका सम्बन्धमा जानकारी भयो सो मा उल्लेख भएका विषयवस्तुहरु र औलाईएका बेरुजुहरु समयमै नियमित तथा फछर्यौट गर्न आर्थिक प्रशासन शाखाबाट पहल गर्ने निर्णय गरियो।

**निर्णय नं. ४**

नेपाल सरकार संघिय शसर्त अनुदान तर्फको विद्यालयमा भौतिक संरचना निर्माण सम्बन्धीं प्राप्त भएको अनुदानबाट २ कोठे भवन निर्माण र पानी सहितको शौचालय निर्माणका लागि तपसिल बमोजिमका विद्यालयहरुमा निर्माण कार्य सम्पन्न गर्नका लागि आवश्यक पहल गर्ने निर्णय गरियो।

| सि.नं. | विद्यालयको नाम | बिनियोजित रकम | कैफियत |
|---|---|---|---|
| **२ कोठे भवन निर्माण तर्फ** | | | |
| १ | राम आधारभूत विद्यालय, बाणगंगा-९, पडरिया | १६०००००।- | |

Scanned by CamScanner

| | | | |
|---|---|---|---|
| २ | जनज्योति मा.वि. मोतिपुर, बाणगंगा-७, मोतिपुर | १६०००००।- | |
| ३ | लक्ष्मणघाट मा.वि. लक्ष्मणघाट, बाणगंगा-६, लक्ष्मणघाट | १६०००००।- | |
| ४ | मा.वि. झन्डा, बाणगंगा-५, कपिलवस्तु | १६०००००।- | |
| ५ | बाणगंगा मा.वि. गजेहडा, बाणगंगा-४ | १६०००००।- | |
| ६ | सूर्योदय आधारभूत विद्यालय बाणगंगा-८ | १६०००००।- | |
| ७ | ने.रा.आ.वि. पटना, बाणगंगा-१० | १६०००००।- | |
| **शौचालय तर्फ** | | | |
| १ | शुद्धोधन जनजीवन मा.वि. भलवाड, बाणगंगा-९ | ७०००००।- | |
| २ | बाणगंगा मा.वि. लौगाई, बाणगंगा-८ | ७०००००।- | |
| | **कूल जम्मा** | १२६०००००।- | |

**नि यि नं. ५**

नेपालको संघिय संरचना तयार गर्दा कपिलवस्तु जिल्लाको साबिक नक्साको साईज भन्दा निकै कम हुने गरि नक्सांकन गरिएको र नक्साको क्षेत्रफल पहिलाको तुलनामा निकै कम देखिएको ले जिल्लाको सबैभन्दा बढी यस बाणगंगा नगरपालिका प्रभावित भएको देखिएको छ । अतः कपिलवस्तु जिल्लाको नक्सा साबिक बमोजिम हुनको लागि आवश्यक कागजात सहित संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र नापी विभागमा संसोधनको लागि पठाउने निर्णय गरियो ।

**निर्णय नं. ६ विविध**

- निम्नानुसारका संघसंस्थाहरुलाई तपसिल बमोजिम सहयोग गर्ने निर्णय गरियो ।

| सि.नं. | संघसंस्थाहरुको नाम | सहयोग रकम | शिर्षक |
|---|---|---|---|
| १ | अपाङ्ग उत्थान समाज (अन्तराष्ट्रिय अपाङ्ग दिवस मनाउँदा लागेको खर्च मध्ये रु.५६,५००।– माग भई आएको ) | २०,०००।- | |
| २ | राष्ट्रिय जेष्ठ नागरिक समाज नेपाल (अन्तराष्ट्रिय जेष्ठ नागरिक दिवस मनाउँदा लागेको खर्च मध्ये रु.५०,७००।– माग भई आएको ) | २०,०००।- | |
| ३ | गुरुङ राष्ट्रिय परिषद् (माग भई आएको रकम रु.१,५०,०००।-) | ५०,०००।- | |
| ४ | मगर संघको कार्यक्रम (चौथो जिल्ला स्तरीय माघे संक्रान्ती विशेष शुभकामना आदान प्रदान तथा विविध सांस्कृतिक कार्यक्रम) | २५,०००।- | |
| ५ | लोकतान्त्रिक मगर संघ | २५,०००।- | |
| | जम्मा | रु.१,४०,०००।- | |

- कपिलमूनि सामाजिक विकास संस्था को चलानी नं. २१ मितिः२०७६।१०।०५ अनुसार रेडियो बाणगंगाको सामुदायिक भवन निर्माणको लागि नक्सा पास गर्दा लाग्ने राजस्व छुट गरिदिनुहुन भन्ने आसयको पत्र प्राप्त भएको राजस्व छुट नगर्ने तर संरचना निर्माण गर्दा लागेको खर्चहरुको बिल भर्पाई पेश भएमा राजस्व बराबरको रकम नघट्ने गरि आर्थिक सहयोग गर्न सक्ने निर्णय गरियो ।
- नेपाल विद्दुत प्राधिकरण तौलिहवाको च.नं.५९०, मितिः२०७६।१०।०५ को पत्रानुसार विश्वकर्मा वावाको मन्दिर वरिपरि टायल र पिसिसि ढलान कार्यमा लाग्ने खर्चको लागि आवश्यक सहयोग गरिदिनुहुन भन्ने आशयको पत्र प्राप्त भएकोले नगरपालिकालाई आवश्यक पर्ने विद्दुतीय कार्यमा सहयोग हुने गरि रु.१,५०,०००।–सहयोग उपलब्ध गराउने निर्णय गरियो ।
- मितिः२०७६।०९।२१ गतेको कार्यपालिकाको निर्णयबाट यस नगरपालिकाको छैठौं नगरसभा यही माघ २४ गते गर्ने भनिएकोमा निर्णय संसोधन गरि २०७६ फागुन ७ गते गर्ने निर्णय गरियो ।
- प्रदेश सरकारबाट हस्तान्तरिक कार्यक्रम मध्ये जनता मा.वि.पिपराको भवन संरचना निर्माणको लागि प्राप्त संसोधन सहितको बजेट रु.६०लाख को कार्य उपभोक्ता समिति मार्फत गर्ने निर्णय गरियो ।

Scanned by CamScanner